मधेश प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

महोत्तरी, नेपाल

**Email:** akcmahottari@gmail.com
**Website:** akcmahottari.p2.gov.np
**Phone:** 044520495, 9854032245

## कृषि सडक निर्माण कार्यक्रमको खामबन्दी प्रस्ताव आवहान सम्बन्धि सूचना ।

प्रथम पटक प्रकाशित मितिः २०८०/०९/२६

यस कृषि ज्ञान केन्द्र महोत्तरीको आ.व. २०८०/८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार कृषि सडक निर्माण कार्यक्रम संचालन गर्नु पर्ने भएकोले यस जिल्लाका इच्छुक स्थानिय तह, उपभोक्ता समिति,कृषि उत्पादनमा संलग्न कृषक समूह/कृषि सहकारी/कृषि फर्म/उद्यमी/कम्पनीको साझेदारीमा कृषि सडक (कम्तिमा १३ फिट देखि अधिकतम २४ फिटसम्म चौडाई भएको निर्धारित लम्बाईमा माटो र ग्राभेल बाटो) निर्माणको लागि तपसिल बमोजिमका कागजातहरु सहित प्रथम पटक प्रकाशित मितिले २१औं दिन (२०८०/१०/१७ गते) कार्यालय समय भित्र यस कार्यालयमा खामबन्दी प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।निवेदनको ढांचा तथा स्वीकृत कार्यविधियस कार्यालयको वेवसाइटakcmahottari.p2.gov.np मा राखिएको छ। बिस्तृत जानकारीको लागि अधिकृत छैठौं श्री जय नारायण मंडल, ९८६०७४९०३४ लाई सम्पर्क गर्न सकिनेछ।

**तपसिल**

१. कृषि सडक निर्माण अनुदान माँग गर्ने आवेदन फारम ।

२. आयोजना प्रस्ताव (फारम न.२ बमोजिमको ढाँचामा)

३. आयोजनाको लागत अनुमानमा साझेदारी अंश (न्यूनतम १५% हुनुपर्ने) र श्रोत खुलाउनु पर्ने ।

४. कृषि सडक निर्माण हुने जग्गामा बाटो कायम रहेको वा नँया निर्माण गर्नुपर्ने खुलाउनु पर्नेछ । यस्तो बाटो नक्सामा बाटो कायम भएको हुनुपर्ने ।

५. उपभोक्ता समितिको हकमा योजनाका लाभग्राहीको आमभेलाले नियमानुसार उपभोक्ता समिति र आन्तरिक अनुगमन समिति गठन गरेको निर्णयको प्रतिलिपी, पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी र सम्बन्धित स्थानियतहबाट सो उपभोक्ता समिति प्रमाणिकरण भएको हुनुपर्ने ।

६. कृषि उत्पादनमा संलग्न फर्म/उद्यमीको हकमा दर्ता/नविकरण गर्नु पर्ने भए सोको प्रमाणपत्रको प्रतिलिपी, स्थायी लेखा नम्बर लिएको प्रमाणपत्रको प्रतिलिपी, चालु आ. व. को करचुक्ता प्रमाण, आवेदन दर्ता गर्न अख्तियारी प्राप्त प्रतिनिधीको नागरिकता प्रमाण पत्रको प्रतिलिपी तथा अख्तियारी पत्र ।

७. स्थानीय तह/उपभोक्ता समिति/कृषक समूह/कृषि सहकारी/ फर्म/उद्यमी/कम्पनीको हकमा अनुदान माँग गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपि ।

८. प्रस्तावित जग्गामा कृषि सडक निर्माण गर्न स्वीकृत दिईएको व्यहोरा खुलेको स्थानीय तहको सिफारिस पत्र ।

आवश्यकता अनुसार कार्यालयले आवश्यक ठानेको अन्य कागजातहरुछनौट तथा सम्झौताको चरणमा माग गरेमा आवेदकले पेश गर्नु पर्ने छ । प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने लगायतका यस सूचनासँग सम्बन्धित सम्पूर्ण अधिकार यस कृषि ज्ञान केन्द्रमा सुरक्षित रहनेछ ।

मनिष कुमार पाल
निमित्त प्रमुख